# सम्पादकीय सङ्कथन : प्रयोजन र विचलन

हरिकला अधिकारी

## विषय प्रवेश

पत्रकारले समाचारमा आफ्ना विचार राख्न पाउँदैन ।[१] पत्रकारिताबाट सूचना र अरूको विचारको सम्प्रेषण गर्ने पत्रकारले आफ्नो विचार सार्वजनिक गर्ने सम्पादकीयमार्फत हो । सम्पादकीय भनेको प्रेसले आफ्नो विचार प्रकट गर्ने विशेष स्तम्भ हो । यसमा समसामयिक समस्या र सूचनालाई समेट्दै प्रेसले आफ्नो विचार प्रस्तुत गरेको हुन्छ । सम्पादकीयमा 'हामी' सर्वनामको प्रयोग गर्न पाइने सन्दर्भ एकातिर छ भने सम्पादकीयको सुरुमा प्रमुख पदावलीको प्रस्थापना र अन्त्यमा त्यसको पुनरुक्ति गर्नुलाई विशेषताका रूपमा लिइएको हुन्छ । यस लेखमा नेपाली दैनिक अखबारका सम्पादकीयमा हामी सर्वनामको प्रयोगसहित प्रमुख पदावली प्रस्थापना र पुनरुक्तिको प्रयोजनपरक भाषिक अध्ययन गरिएको छ ।

अधिकांशतः सम्बन्धित अखबारको कुनै न कुनै पत्रकारबाटै सम्पादकीय लेखिन्छ । सम्पादकले आवश्यक देखेमा विषयविज्ञलाई पनि सम्पादकीय लेख्न

[१] पत्रकारितामा देखिएको पछिल्लो विश्वव्यापी प्रवृत्तिमा भने केही समाचारलाई विश्लेषण गर्ने गरिएको पनि पाइन्छ । यसरी गरिने विश्लेषण समाचार लेखक/प्रस्तोताको विचारबाट प्रत्यक्ष/परोक्ष प्रभावित हुने गर्दछ ।

*मिडिया अध्ययन* ५: ५९-८५ २०६७

लगाउन सक्छ । यद्यपि यसमा लेखकको नाम दिइँदैन । सम्पादकीय अखबारको आधिकारिक विचार पनि हो । यसमा पत्रकारले अखबारको भनाइ राख्दै सुझाव दिन, आलोचना गर्न र प्रस्ताव राख्न सक्छ । पत्रकारको मात्रै होइन, सम्पादकीयमा अखबारको मालिकको विचार पनि अभिव्यक्त हुन्छ (स्टेन र पाटेर्नो सन् २००३ : ८) ।

सामान्यतया विचार (अप-एड) पृष्ठको बायाँ भागको शीर्ष स्थानमै सम्पादकीय छाप्ने गरिन्छ । विचार पृष्ठ पनि स्वतन्त्र लेखक, साहित्यकार, टिप्पणीकार र विषयविज्ञहरूका लागि हो (कँडेल २०६३ : ११०) । यस पृष्ठको योजनादेखि छपाइमा पठाउनु अघिसम्मको संयोजन र सम्पादन कार्य भने पत्रकारले नै गर्दछन् ।

अखबारका सम्पादकीयको बाह्य संरचनामा अनेक विविधता पाइन्छ । शीर्षक, अनुच्छेद, कोलम, ब्रेकर, चित्र[२], शीर्षवाक्य आदिका माध्यमबाट झट्ट हेर्दैमा फरक देखाउन खोजिएको हुन्छ । तसर्थ अखबारको सम्पादकीय सङ्कथन केलाउन चाहिँ पृथक रूपमै विषय र प्रसङ्ग, भाषातत्त्वहरूको एकीकृत अध्ययन, सम्प्रेषण क्षमता, विचार, विधागत संरचना र प्रयोजनपरक संहिताको कोणबाट गहिरिएर अध्ययन विश्लेषण गर्नुपर्दछ ।

यो स्तम्भ पत्रकारको सामूहिक अभिव्यक्ति स्वतन्त्रताको प्रयोजनसँग प्रत्यक्ष गाँसिएको छ । पत्रिकाको सम्पादकीय स्वतन्त्रता नै प्रेस स्वतन्त्रताको मुटु मानिन्छ (कँडेल २०६३ : ११०) । यसैले प्रेस स्वतन्त्रतासँग जोडिएर आउने वैचारिक अभिव्यक्तिको शक्तिशाली संस्थागत विधा पनि हो, सम्पादकीय स्तम्भ ।

भाषाविज्ञानमा सैद्धान्तिक, प्रायोगिक, सामाजिक जस्ता पृथक अध्ययन अवधारणा र परिपाटी छन् । भाषालाई सन्दर्भ सापेक्षताका कोणबाट हेर्ने समाज भाषाविज्ञानमा सङ्कथन एकाइको अस्तित्व स्पष्टसँग भेटिन्छ । *अ डिक्सनरी अफ लिङ्ग्विस्टिक्स एण्ड फोनेटिक्स* मा डेविड क्रिष्टल (सन् १९८५ : १४१) ले उल्लेख गरेअनुसार भाषामा निरन्तर प्रयोग भएको वाक्यभन्दा ठूलो एकाइ नै सङ्कथन हो । यो पक्कै हो तर वाक्य र सङ्कथनका बीचमा एउटा सिङ्गो भाषिक एकाइको रूपमा अनुच्छेद पनि हुन्छ । यो परम्परागत व्याकरणको एकाइभित्र पर्दैन । अनुच्छेद, परिच्छेद आदि सङ्कथनका एकाइ मानिन्छन् (अधिकारी २०६५ : २५०) । 'भाषा भाषाका लागि' नभएर 'भाषा सम्प्रेषणका लागि' भन्ने मान्यता राख्ने

---

[२] अखबारले सम्पादकीय स्तम्भमा चित्र पनि प्रयोग गर्न सक्छन् । यस्तो प्रयोग *गोरखापत्र* दैनिकका केही सम्पादकीयमा पनि देखिएको छ ।

समाज भाषाविज्ञानको सबैभन्दा ठूलो भाषिक एकाइ सङ्कथन हो (ढुङ्गेल र दाहाल २०६२ : १६-१७) ।

जोसेफ इ. ग्राइम्सले *द थ्रेड अफ डिस्कोर्स*मा प्रकट गरेको विचारअनुसार वाक्य र अनुच्छेदको समग्र पाठबाट सङ्कथन बन्दछ (ग्राइम्स सन् १९७५) । सङ्कथनको अर्थ अब संवादमा मात्र सीमित नभएर पाठ र आख्यान विश्लेषणमा विस्तारित भइसकेको छ। पाठ विश्लेषणमा लेख्य भाषाका विविध विधाको विश्लेषणमा जोड दिइन्छ (अधिकारी २०६५ : २५१) । त्यसो हो भने सम्प्रेषणको प्रयोजनपरक विशेषता बोकेका शब्द र पदावलीलाई पहिल्याउँदै सम्पादकीय विधाको पनि पाठ/सङ्कथन विश्लेषण गर्न सकिन्छ ।

रूपदेखि शब्द, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सङ्कथनसम्म आइपुग्दा आठओटा भाषिक एकाइहरूको शृङ्खलाबद्ध सोपान बन्दछ। समाज भाषाविज्ञानले समाज सापेक्ष भएर भाषाका विभिन्न तत्त्वहरूको एकीकृत अध्ययन गर्छ र प्रयोजनपरक भेदलाई ख्याल गर्दै भाषिक क्षमताको स्थानमा सम्प्रेषण क्षमतालाई अध्ययन क्षेत्र बनाउँछ । प्रस्तुत अध्ययनमा पत्रकारिताको सम्पादकीय स्तम्भको पाठलाई विशेष शब्द र प्रमुख पदावलीको विश्लेषण गर्ने क्रममा भाषाविज्ञान र पत्रकारिताको सन्दर्भ र प्रयोजन पक्षलाई आधार मानिएको छ ।

## अध्ययन सामग्री, विधि र सीमा

सन् २००९ जुलाईको पहिलो हप्ता नेपाली राष्ट्रिय ब्रोडशीट बहुरङ्गी दैनिकमा पर्ने छओटा अखबारहरू *अन्नपूर्ण पोष्ट, कान्तिपुर, गोरखापत्र, नागरिक, नेपाल समाचारपत्र* र *राजधानी*लाई सँगै राखेर गोलाप्रथाबाट अखबारको छनोट गर्दा *अन्नपूर्ण पोष्ट, गोरखापत्र* र *नागरिक* दैनिक अध्ययनको दायरामा पर्न आएका छन्। ती अखबारमा जुलाईको दोस्रो र चौथो हप्ता छापिएका एक-एकओटा सम्पादकीयका नमूना सङ्कलन गरी वस्तुगत अध्ययन गरिएको छ ।

अध्ययनका लागि निश्चित गरिएको समय सुनियोजित होइन । अध्ययन गर्ने निधो गरेको समय जुलाईको पहिलो हप्ता हो र सकेसम्म ताजा सामग्रीहरू अध्ययनमा परून् भन्ने अभिप्रायले सोही महिना छानिएको हो । पहिलो हप्ताका केही सम्पादकीय प्रकाशित भइसकेको हुँदा दोस्रो हप्तालाई पहिलो समूहमा राखियो र तेस्रो हप्ता छाडेर चौथो हप्तालाई दोस्रो समूहमा पारियो। यसरी छनोट गर्दा नेपाली मितिअनुसार पहिलो समूहमा २०६६ असार २५ देखि ३१ तथा दोस्रो समूहमा २०६६ साउन १० देखि १६ गतेसम्म प्रकाशित नमुना सामग्री समेटिएका छन् (हेर्नुहोस् तालिका १ र २) । सबैभन्दा पुरानो *(गोरखापत्र)* देखि

हालसम्मको सबैभन्दा नयाँ *(नागरिक)* दैनिक अखबारसम्म अध्ययनको घेरामा संयोगले पर्न आएका हुन् ।

सम्पादकीयको पाठ चाहिँ नमुना छनोट पद्धतिमा आधारित छ । निश्चित समयावधिमा पर्ने गरी छानिएका सम्पादकीयको पाठको लागि अध्ययनमा सकेसम्म सबै खालका सामग्री समेटिऊन् भनेर कतै समूह, कतै क्रमबद्ध र कतै मिश्रित नमुना छनोट पद्धति अपनाइएको छ । यस अध्ययनबाट राष्ट्रिय स्तरका प्रतिनिधि अखबारहरूमा छापिएका सम्पादकीयको विशेषता र विभिन्नता मात्र होइन, सङ्गति र विसङ्गति पनि ठम्याउन मद्दत पुगेको छ ।

यस लेखमा सम्पादकीयमा प्रयोग गर्न पाइने विशेष शब्दलाई समावेशन[३] सन्दर्भ र अर्थसहित प्रमुख पदावलीको प्रस्थापना र पुनरुक्तिलाई प्रयोजनका कोणबाट अध्ययन गरी प्रवृत्तिगत विविधताको खोजी गरिएको छ ।

**तालिका १ : पहिलो समूहका अखबार, शीर्षक (विषय) र मिति**

| क्र.सं. | अन्नपूर्ण पोष्ट | गोरखापत्र | नागरिक |
|---|---|---|---|
| १. | अपहरण आतङ्क (हिंसा) | ग्याङ फाइट र निरीह राज्यसंयन्त्र (हिंसा) | हिंसाको संस्कृति |
| २. | अन्योलग्रस्त पर्यटन क्षेत्र | ० | जाजरकोटमा ध्यान (स्वास्थ्य) |
| ३. | ० | प्रभावकारी कार्यान्वयन आवश्यक (नीति र कार्यक्रम) | ० |
| ४. | नीति तथा कार्यक्रम | नारामै सीमित स्वास्थ्य सेवा | भ्हाराटराइ तलब वृद्धि (बजेट) |
| ५. | फुटबलको सन्देश | असारे विकास बजेटको नाश | अमानवीय व्यवहार (समाज) |
| ६. | मध्यपश्चिमको महामारी (स्वास्थ्य) | जनमुखी बजेट अपेक्षा कार्यान्वयनको | उपभोग बढाउने जोखिम (बजेट) |
| ७. | सरकारको बजेट | राजनीतिक आवरणमा अपराध | विभेदजन्य असन्तोष (लैङ्गिक) |
| जम्मा | ६ | ६ | ६ |

नोट : (१) ० ले सम्पादकीय प्रकाशित नहुने दिन जनाएको छ ।

(२) क्र.सं. १ देखि ७ ले क्रमशः २०६६ असार २५ देखि ३१ गतेसम्मको प्रकाशन मिति पनि जनाएको छ ।

(३) विषय सङ्केत गर्न नसक्ने खालका शीर्षकपछि मात्रै लगत्तै कोष्ठकमा विषय दिइएको छ ।

स्रोत : अध्ययन अनुगमन

---

३ 'हामी' भित्र समावेश हुनसक्ने व्यक्ति, समूह वा पक्ष र विषयलाई भाषाविज्ञानले समावेशन सन्दर्भ नियमका आधारमा हेर्छ । यसबारे थप कुरा सैद्धान्तिक आधार खण्डअन्तर्गत दिइएको छ ।

**तालिका २ : दोस्रो समूहका अखबार, शीर्षक (विषय) र मिति**

| क.सं. | अन्नपूर्ण पोष्ट | गोरखापत्र | नागरिक |
|---|---|---|---|
| १ | ० | खडेरीको सन्त्रास | ० |
| २ | महँगी र भोकमरी | राष्ट्रकै लागि श्रेयष्कर (शपथ र भाषा) | शपथ र भाषा |
| ३ | फोहोरमति (फोहोरमैला) | उपभोक्ताका अपेक्षा | बजार हस्तक्षेप |
| ४ | डेथ फर्टोल्ड (स्वास्थ्य) | फोहोर व्यवस्थापनमा अवरोध | दुःखको दोहन (विस्थापितको मर्का) |
| ५ | उच्चस्तरीय संयन्त्र | वर्षाको प्रभाव र पीडा | राजनीतिक फोहोर |
| ६ | प्रमाणपत्रको अन्योल (त्रिविमा भर्ना विवाद) | हातहतियार खरिद विवाद | तदारूकता आवश्यक (बाढीपीडितलाई राहत) |
| ७ | नयाँ सुरक्षा योजना | ० | सुरक्षा योजना |
| जम्मा | ६ | ६ | ६ |

नोट : (१) ० ले सम्पादकीय प्रकाशित नहुने दिन जनाएको छ ।

(२) क.सं. १ देखि ७ ले क्रमशः २०६६ साउन १० देखि १६ गतेसम्मको प्रकाशन मिति पनि जनाएको छ ।

(३) विषय सङ्केत गर्न नसक्ने खालका शीर्षकपछि मात्रै लगत्तै कोष्ठकमा विषय दिइएको छ ।

स्रोत : अध्ययन अनुगमन

यो अध्ययन साङ्केतिक मात्र हो । पाठको पूर्ण विश्लेषण यसमा छैन । यो अध्ययन पहिले नै सम्पादकीय सामग्री हेरेर गरिएको होइन । यसरी अध्ययन गरिँदैछ भनेर छनोटमा परेका कुनै पनि अखबारका सम्पादकीय लेखकलाई पूर्व जानकारी दिइएको पनि थिएन । नेपाली राष्ट्रिय ब्रोडशीट बहुरङ्गी दैनिक अखबारमा सम्पादकीयमा विशेष शब्द र प्रमुख पदावलीको के कसरी प्रयोग हुने गरेको छ भन्ने सम्बन्धमा साङ्केतिक तथ्य पत्ता लगाउने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको हो ।

**तालिका ३ : नेपाली राष्ट्रिय ब्रोडशीट बहुरङ्गी दैनिक अखबारहरू**

| क.सं. | नाम | प्रकाशन प्रारम्भ | उमेर |
|---|---|---|---|
| १ | गोरखापत्र* | १९५८ साल | १०९ वर्ष |
| २ | कान्तिपुर | २०४९ साल | १७ वर्ष |
| ३ | नेपाल समाचारपत्र | २०५२ साल | १४ वर्ष |
| ४ | राजधानी | २०५६ साल | ०९ वर्ष |
| ५ | अन्नपूर्ण पोष्ट* | २०५७ साल | ०८ वर्ष |
| ६ | नागरिक* | २०६६ साल | ३ महिना |

नोट : * अध्ययनमा परेका अखबारहरू ।

सम्पादकीयको प्रयोजनपरक भाषिक प्रस्तुतिको पनि विशेष शब्द र प्रमुख पदावलीको अध्ययनमा केन्द्रित यो अध्ययनलाई सकेसम्म प्राविधिक कम र व्यावहारिक प्रयोजनतिर बढी ढालिएको छ । यस लेखमा नेपाली दैनिक अखबारको स्थूल आकलन र बाह्य आकारको खोजी गरिएको छैन । यसमा सम्पादकीय प्रकाशित हुनुअघिको विषय छनोट, विचार निर्देशन, लेखन र सम्पादनको सैद्धान्तिक र व्यावहारिक प्रक्रियालाई नखोतलिकन प्रकाशित सम्पादकीयका पाठको पूरा अध्ययन गरी उदाहरणका रूपमा निश्चित अंशलाई मात्र लिएर विश्लेषण गरिएको छ । कुल छ ओटा दैनिक अखबारमध्ये वर्गीकरणमा परेका (हेर्नुहोस् तालिका ३) तीन ओटा मात्र अखबारको दुई भिन्न हप्ता समूहको एक-एकओटा मात्र सम्पादकीय सामग्रीलाई आधार मान्नु पनि प्रस्तुत अध्ययनको सीमा हो ।

## सैद्धान्तिक आधार

अखबारमा विचार विनिमयको सशक्त विधा भनेको सम्पादकीय नै हो । सिद्धान्ततः यसमा विवाद छैन । नेपालको राजधानीबाट नेपाली भाषामा राष्ट्रिय स्तरमा प्रकाशित ठूलो (ब्रोडशीट) आकारका बहुरङ्गी दैनिक अखबारहरूले विशेष शब्द र प्रमुख पदावलीको माध्यमबाट यसलाई के कसरी प्रयोग गरिरहेका छन् त ? यसको प्रवृत्ति पत्ता लगाउनका लागि गरिएको प्रस्तुत अध्ययनको सैद्धान्तिक आधारमा सन्दर्भ र प्रयोजनका निश्चित नियमहरूको छनोट गरिएको छ ।

### *विशेष शब्दको समावेशन सन्दर्भ*

सम्पादकीयमा प्रयुक्त 'हामी' भित्र को-को वा कुन-कुन समूह वा पक्ष समाविष्ट हुन्छन् भन्ने कुराको अध्ययन भाषाविज्ञानमा समावेशन सन्दर्भ नियमका आधारमा गरिन्छ । भाषाको प्रयोजनपरक भेदमा पर्ने सम्पादकीयमा प्रयोग भएको हामी सर्वनामलाई पनि त्यसमा समावेश हुने र समावेश नहुने व्यक्ति, समूह वा पक्षलाई ध्यानमा राखी समावेशन र असमावेशनका कोणबाट परीक्षण गर्न सकिन्छ । व्याकरणमा 'हामी' सर्वनामको समावेशन सन्दर्भ विभिन्न प्रकारको रहेको पाइन्छ । यसको प्रयोगकर्ता (केन्द्रक) 'म' वक्ता वा लेखक हुन्छ भने 'म' सँग अर्को व्यक्ति, समूह, पक्ष र विषयको समावेशन भएमा 'हामी' हुन जान्छ । 'हामी' लाई सन्दर्भका आधारमा समावेशन र असमावेशन गरी दुई खण्डमा अर्थ्याएर तालिका ४ मा देखाइएको छ ।

**तालिका ४ : 'हामी' सर्वनामको समावेशन सन्दर्भ**[४]

| **समावेशन अर्थ** | **असमावेशन अर्थ** |
|---|---|
| म र तँ | तँ बाहेक अरू |
| म र तिमी | तिमी बाहेक अरू |
| म र तपाईं | तपाइँ बाहेक अरू |
| म, ऊ, उहाँ, उनीहरू, उहाँहरू | ऊ, उहाँ, उनीहरू र उहाँहरू बाहेक अरू |
| म, ऊ, उनीहरू, तिमी र तिमीहरू सबै | ऊ, उनीहरू, तिमी र तिमीहरू सबै बाहेक अरू |
| वक्ता र श्रोता | वक्ता र श्रोता बाहेक अरू |
| वक्ता र विषय (तेस्रो व्यक्ति) | वक्ता र विषय (तेस्रो व्यक्ति) बाहेक अरू |
| वक्ता, श्रोता र विषय (तेस्रो व्यक्ति) | वक्ता, श्रोता र विषय (तेस्रो व्यक्ति) बाहेक अरू |
| अखबारका मालिक र सञ्चार गृहसहित सम्बद्ध पत्रकारहरू | अखबारका मालिक र सञ्चार गृहसहित सम्बद्ध पत्रकारहरू बाहेक अरू |

पत्रकारितामा कुनै पनि शब्दको प्रयोग अभिधा अर्थात् सोझो अर्थमा गरिनु पर्दछ । यो कुरा सम्पादकीयमा प्रयोग गरिने 'हामी' र 'हाम्रो' शब्दमा पनि लागू हुन्छ । 'हामी' ले दिने सोझो अर्थमा अखबारका मालिक र सञ्चार गृहसहित सम्बद्ध पत्रकारहरूको सामूहिक समावेशन सन्दर्भ जोडिएको हुन्छ ।

## *विशेष शब्दको सम्पादकीयमा प्रयोजन*

सम्पादकीयले राज्यको चौथो अङ्ग मानिएको प्रेसको अभिव्यक्ति पक्षलाई सामूहिक रूपमा प्रयोग गर्ने भएकाले यसमा सम्पादकले 'हामी' भनेर लेख्न पाउने चलन चलेको हो । 'हामी' ले सोझै सम्बन्धित अखबारका मालिकसहित पत्रकारहरू र सञ्चार गृहलाई बुझाउनु पर्छ भन्ने मान्यता छ । यही नै यसको समावेशन सन्दर्भसँग जोडिएको अभिधा (सोझो) अर्थ पनि हो ।

सम्पादकीय लेखनको भाषिक शैली समाचारको भन्दा फरक हुन्छ । समाचार सूचनात्मक शैलीमा लेखिन्छ भने सम्पादकीयमा सूचनात्मकतासहित निर्देशनात्मकता पनि हुन्छ । अभिधा अर्थमा सत्यतथ्य जनाउने हदसम्म भने अभिव्यञ्जनात्मक (घुमाउरो) भाषिक शैलीले पनि सम्पादकीयमा यदाकदा प्रवेश पाएकै हुन्छ ।

---

४ त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय शिक्षण विभागमा भाषाविज्ञान विषयको प्राध्यापन गर्नुहुने डा. देवीप्रसाद गौतमको विशेष सहयोग लिएर नेपाली भाषामा 'हामी' सर्वनामको समावेशन सन्दर्भको प्रस्तुत सूची तयार गरिएको हो ।

सम्पादकीयमा सोझै प्रयोग गर्दा स्वतन्त्र प्रेसको सशक्त अभिव्यक्तिका रूपमा विशेष अर्थ दिने 'हामी' सर्वनामलाई अन्यत्र उद्धरणमा मात्र प्रयोग गर्नु उपयुक्त मानिन्छ । जहाँ पायो त्यहीँ 'हामी' प्रयोग गरेर लेख्ने व्यक्तिका सम्बन्धमा पत्रकारितामा हास्यास्पद अर्थ लगाउने चलन छ ।[५] 'हामी' सर्वनामको सही र स्वतः बोध्य प्रयोगले सम्पादकीयलाई अखबारका समाचार र विचार पृष्ठमा छापिने अन्य सामग्रीभन्दा फरक बनाएको हुन्छ ।

सम्पादकीय लेखनको आफ्नै संहिता छ । सम्पादकीय विश्लेषणका प्रयोजनपरक आधारहरूको सूची लामो हुनसक्छ । त्यसमध्ये अति महत्त्वपूर्ण केही बुँदाहरूलाई विशेषता र कमजोरीका पृथक खण्डमा राखेर तालिका ५ मा दिइएको छ ।

**तालिका ५ : सम्पादकीय विश्लेषणका प्रयोजनपरक आधार**

| सम्पादकीयमा हुनुपर्ने विशेषता | सम्पादकीयमा नहुनुपर्ने कमजोरी |
|---|---|
| • महत्त्वपूर्ण र सामयिक विषय | • उपशीर्षकहरू |
| • सही सूचना र प्रामाणिक तथ्य | • गलत, मिथ्यानुमान र बढाइचढाइ |
| • 'हामी' पक्षको सङ्क्षिप्त विचार | • 'म' र असम्बद्ध 'यो' सर्वनाम |
| • वस्तुगत व्याख्या | • व्याकरणिक गाँठा र अन्योल |
| • विपक्षी विचारको उल्लेख | • गाली र बेइज्जती |
| • विवेकपूर्ण प्रस्तुति शैली | • गैरकानूनी कुराको वकालत |
| • प्रमुख पदावलीको पुनरुक्ति | • लामा अनुच्छेद |
| • आवश्यक मात्र शब्द प्रयोग | • अप्ठ्यारा प्राविधिक शब्दहरू |
| • व्यावहारिक समाधान | • वास्तविकताप्रति बेवास्ता |
| • घतलाग्दो निष्कर्ष | • समापनमा प्रश्न |

उपर्युक्त २० मध्ये 'हामी' पक्षको सङ्क्षिप्त विचार र प्रमुख पदावलीको पुनरुक्ति भन्ने दुई बुँदाको अध्ययनमा मात्र यो लेख केन्द्रित छ ।

सम्पादकीयको लागि अति महत्त्वपूर्ण मानिएका तिनै प्रयोजनपरक बुँदाहरूलाई दस आधार-नियमका रूपमा लिन सकिन्छ । तीमध्ये एउटा विशेषताका रूपमा 'हामी' पक्षको सङ्क्षिप्त विचार दिन पाइने बुँदा पनि देखिन्छ । यो बुँदाले अखबारका मालिक र प्रेस वा सञ्चार गृहको समावेशन सन्दर्भमा पत्रकारले

[५] पत्रकारितामा एउटा जोक नै बनेको छ । जम्मा चार प्रकारका मान्छेले मात्र 'हामी' लेख्न पाउँछन् । राष्ट्रप्रमुख, सरकारप्रमुख, पत्रकार र गर्भवतीले बाहेक अरू कसैले 'हामी' भनेर लेख्छ भने लेख्नेको पेटमा जूका परेको रहेछ भन्ने अर्थ लगाइन्छ । पत्रकारले पनि अन्यत्र होइन, सम्पादकीयमा मात्र 'हामी' लेख्न पाउँछ । त्यसबाट सिद्धान्ततः अखबारको मालिकसहित प्रकाशन गृह र अन्य सहकर्मीको विचारसँग कुनै पत्रकारले आफूलाई पनि एकाकार गराएको बुझिन्छ ।

'हामी' शब्दको उल्लेख गरेरै स्पष्ट रूपमा आफ्नो विचार अभिव्यक्त गर्न पाउँछ भन्ने कुराको सङ्केत गर्दछ ।

## *प्रमुख पदावली र प्रयोजन*

प्रमुख पदावलीको पुनरुक्तिलाई सम्पादकीय लेखनमा विशेषताका रूपमा ग्रहण गरिन्छ भन्ने कुरा तालिका ५ बाटै प्रस्ट भइसकेको छ । सम्पादकीयको पहिलो अनुच्छेदमा स्थापित प्रमुख पदावलीले मूल समस्या, सूचना, भाव वा विचारमध्ये कुनै एकलाई दर्शाउँछ । त्यसलाई अन्तिम अनुच्छेदमा मात्र एक पटक दोहोऱ्याएर निष्कर्षमा पुग्दा सम्पादकीयमा भन्न खोजिएको कुरा प्रभावकारी हुन सक्छ । यसले सम्पादकीयको मूल समस्या, सूचना, भाव वा विचारमध्ये जेलाई जोड दिएर लेखिएको हो, त्यसैको केन्द्रीयतालाई अन्त्यसम्म जोगाइराख्न मद्दत गर्दछ । सम्पादकीयको बाह्य संरचनादेखि आन्तरिक संरचनासम्मको विशिष्ट संयोजनका लागि प्रमुख पदावलीको पुनरुक्तिले महत्त्वपूर्ण योगदान गरेको हुन्छ ।

सम्पादकीयको विचारलाई उठान गर्दा कुनै पनि समसामयिक विषयको चुरो समातेर गर्नु राम्रो मानिन्छ । त्यो चुरोलाई प्रमुख पदावलीका रूपमा पहिलो अनुच्छेदमै स्थापना गरिन्छ । उपवाक्यलाई पदावलीमा र पदावलीलाई शब्दमा कस्ने (रायन र ओ'डोनेल सन् २००५ : ६७) भाषिक सूत्र सम्पादकीय लेखनमा पनि उत्तिकै काम लाग्छ । सम्पादकीय संरचनाको मध्यमा त्यससँग सम्बन्धित तथ्य, विचार, तर्क, व्याख्या र पृष्ठभूमि आउन सक्छ । यो अनुसन्धानमूलक पनि हुनसक्छ । यसमा व्याख्या र विश्लेषण हुन्छ । अन्त्यमा चाहिँ सुरुमा समातिएको विषयको चुरो अर्थात् प्रमुख पदावलीलाई पुनः उठाएर निष्कर्ष दिइन्छ । यी सब कुरालाई सजिलैसँग बुझिने बनाउन सान्दर्भिकतालाई ख्याल गर्दै उपयुक्त तरिकाले आवश्यक मात्र शब्द र वाक्यको प्रयोग गर्नुपर्छ ।

वाक्यभित्र निश्चित समूहमा मिलेर रहेका अर्थपूर्ण शब्दहरू नै पदावली हुन् । पदावलीका घटकका रूपमा शीर्ष, विशेषक र पूरक (यादव र रेग्मी २०५८ : २१४-२२७) रहेका हुन्छन् । मूलतः शाब्दिक र प्रकार्यात्मक गरी पदावलीलाई छुट्टयाएर पनि अध्ययन गर्न सकिन्छ । शाब्दिकअन्तर्गत नाम, विशेषण, क्रिया, क्रियाविशेषण र परस्थानिक गरी पाँच प्रकारका पदावली पर्दछन् । प्रकार्यात्मक पदावलीलाई भने निर्धारक, रूपायक र आश्रयक गरी तीन भागमा छुट्टयाएर हेरिन्छ ।

प्रस्तुत अध्ययन पदावलीको भाषावैज्ञानिक विश्लेषण गर्ने ध्येयले नभएर सम्पादकीय लेखनको प्रयोजनका दृष्टिले गरिएको हो । यसैले यस लेखमा

सम्पादकीयले मूल समस्या, सूचना, भाव वा विचारलाई के कसरी बोके वा नबोकेको पत्ता लगाउने सूत्रात्मक शब्द समूहका रूपमा मात्र प्रमुख पदावलीको प्रस्थापना र पुनरुक्तिको सर्सर्ती अध्ययन गरिएको छ ।

## प्रयोजनपरक भाषिक प्रस्तुति

### *'हामी' शब्दको प्रयोग*

पत्रकारितामा सम्पादकीय नै एउटा यस्तो स्तम्भ हो, जहाँ 'हामी' सर्वनाम शब्दको प्रयोग गरी पत्रकारले आफ्नो सामूहिक कुरा संस्थागत हैसियतमा सोझै राख्न पाउँछ । सम्पादकीयमा 'हामी' प्रयोग हुने उपयुक्त ठाउँ भनेको निष्कर्ष नै हो । कुनै पनि विषयको समसामयिक समस्या, सूचना र सन्दर्भलाई समातेर उठान गर्नुपर्ने सम्पादकीयको कुराको चुरोलाई प्रमुख पदावलीका रूपमा पहिलो अनुच्छेदमै स्थापना गरिन्छ । सम्पादकीय संरचनाको मध्य भागमा त्यससँग सम्बन्धित तथ्य, विचार, तर्क, व्याख्या र पृष्ठभूमि आउन सक्छ । अन्त्यमा चाहिँ सुरुमा समातिएको विषयको चुरो अर्थात् प्रमुख पदावलीलाई पुनः उठाएर निष्कर्ष दिइन्छ । निष्कर्ष दिँदा 'हामी' पक्षको सङ्क्षिप्त विचारले स्थान पाउँछ ।

### *'हामी' र 'हाम्रो' अर्थ शक्ति*

पत्रकारितामा 'हामी' सर्वनाम सम्पादकीय स्तम्भको पहिचान दिने रूप पनि हो । 'हामी' भनेर लेख्न पाउने विशेष विधा सम्पादकीयमा 'म' र असम्बद्ध 'यो' रूपको प्रयोग गरियो भने राम्रो मानिँदैन । सम्पादकीयमा 'हामी' र 'हाम्रो' रूपमा अन्तर्निहित समावेशन सन्दर्भबाट अभिव्यक्त हुने सामूहिक अर्थ शक्तिको आयाम एक्लो 'म' को अर्थभन्दा विशेष र व्यापक हुन्छ ।

सम्पादकीयमा 'म' र असम्बद्ध 'यो' सर्वनाम प्रयोग गर्नु गलत मानिए पनि 'हामी' पक्षका रूपमा सञ्चार गृहले सङ्क्षिप्त रूपमा सामूहिक विचार दिन पाउनुलाई भने चौथो अङ्ग भनिएको पत्रकारिताको विशेषाधिकार मानिन्छ ।

### *प्रयोग विविधता*

सम्पादकीयमा लेख्न पाइने भए पनि 'हामी' शब्दको उल्लेख अनिवार्य नहुन सक्छ । यसैले होला, नेपाली अखबारका सम्पादकीयमा 'हामी' लाई प्रयोग गर्ने शैलीमा विविधता भेटिन्छ । अध्ययनमा समेटिएका सम्पादकीयलाई केलाउँदा स्वतः बुझिने शैली, प्रयोजनभन्दा बाहिरको सामान्य र असामान्य अर्थमा गरी तीन प्रकारका प्रवृत्ति भेटिएको छ ।

*स्वतः बुझिने शैली*

कुनै कुनै अखबारका सम्पादकीयमा 'हामी' शब्दको उल्लेख नगरेरै पनि त्यसले व्यावसायिक रूपमा समेट्ने सामूहिक समावेशन सन्दर्भलाई प्रकट गरेका छन् । निष्कर्ष दिन सक्ने वाक्यमा 'हामी' लाई उल्लेख नगरिकनै पनि स्वतः बोध्य सर्वनाम (टच्यासिट प्रोनाउन) को अर्थ सञ्चार गर्न सकिन्छ । यसरी प्रयोग गरिएका 'हामी' शब्दको अर्थ बोक्ने वाक्यका केही उदाहरण *नागरिक* दैनिकमा उल्लेख्य रूपमा भेट्न सकिन्छ (हेर्नुहोस्, बक्स १) ।

**बक्स १ : स्वतः बुझिने शैली**

| | |
|---|---|
| नेपाली समाजलाई मध्ययुगीन बर्बरताको कलङ्कबाट जोगाउने दृढ निश्चयसहित कानूनी राज्य कायम गर्न ढिलो भइसकेको छ ।<br>(*नागरिक*, २०६६ असार २५) | यस्ता अमानवीय घटना थाहा पाएर पनि हेरेर केही नगर्ने हो भने मानव अधिकार र मानवीय सहायतामा संलग्न सङ्घसंस्थाको पनि औचित्य समाप्त हुन्छ ।<br>(*नागरिक*, २०६६ असार २९) |
| यसैले सम्भाव्य विपत्ति रोक्न सरकारले वार्ताका माध्यमबाट समस्या समाधान गर्ने प्रयास जारी नै राख्दै बल प्रयोग गरेर भए पनि तत्काल फोहोर उठाउनैपर्छ ।<br>(*नागरिक*, २०६६ साउन १४) | प्रशासनिक मान्यता र आर्थिक नैतिकता मिचेर ल्याइएको योजनाले कानून र मानव अधिकारको रक्षा गर्न सक्तैन ।<br>(*नागरिक*, २०६६ साउन १६) |

बक्स १ मा उल्लिखित उदाहरणबाट 'हामी' र 'हाम्रो' नभनिकनै पनि *नागरिक* दैनिकले सशक्त तरिकाले अखबारका पत्रकार र प्रकाशन गृहको प्रतिनिधि विचार प्रकट गर्न सकेको देखिन्छ । सम्पादकीयमा प्रयोग गरिएका ती वाक्यहरूले सिद्धान्ततः सोही अखबारका विचार प्रकट गरेका हुन् भनेर बुझिन्छ । यसैले बक्स १ मा उल्लिखित वाक्यबाट अभिव्यक्त भएका विचार *नागरिक* दैनिकका 'हामी' को समावेशन सन्दर्भसित जोडिएका तीनै पक्षका सामूहिक विचार हुन् भन्ने प्रस्ट छ । यसबाट सम्पादकीयमा 'हामी' लाई यस्तो लाग्छ र यो 'हाम्रो' विचार हो जस्ता उपवाक्यहरू नथपे पनि निष्कर्ष दिने भनाइ कमजोर हुँदैन भन्ने देखिन्छ । *नागरिक* दैनिकका एकाध बाहेक धेरैजसो सम्पादकीयमा अभिव्यक्त विचार सशक्त, भावभूमि सरल, शब्द स्पष्ट र वाक्य छरिता छन् । भाषिक शैलीमा सूचनात्मकता र निर्देशनात्मकताको सन्तुलित मिश्रण देखिन्छ । पत्रकारिताको सिद्धान्तले पनि यस्तै खालका सम्पादकीय खोज्छ ।

*प्रयोजन बाहिरको सामान्य अर्थ*

'हामी' र 'हाम्रो' शब्द प्रयोग गरिएका सम्पादकीयलाई समावेशन सन्दर्भका आधारमा प्रयोजनपरक कोणबाट हेर्दा तिनको अर्थ शक्तिको बेवास्ता समेत भएको देखिन्छ । सम्बन्धित सञ्चार गृहका मालिक र सञ्चार गृहसहित सम्बद्ध पत्रकारहरूलाई त्रिपक्षीय रूपमा बुझाएको भनेर पढ्ने हो भने नेपाली भाषाका कतिपय दैनिक अखबारमा प्रयोग गरिएका 'हामी', 'हाम्रो' जस्ता शब्दले सामान्य अर्थभन्दा बढी भाव प्रकट गरेको देखिन्छ ।

*अन्नपूर्ण पोष्ट*का सम्पादकीयमा 'हामी' र 'हाम्रो' शब्दको प्रयोग पत्रकारिताका दृष्टिले पूर्णतः परिपक्व तरिकाले भएको पाइँदैन । एकाध ठाउँमा *अन्नपूर्ण पोष्ट* 'हामी' र 'हाम्रो' शब्दको प्रयोगमा चुकेको देखिन्छ (हेर्नुहोस्, बक्स २) ।

**बक्स २ : प्रयोजन बाहिरको सामान्य अर्थ**

| | |
|---|---|
| मूलतः विकास अभियानलाई बोक्ने स्थानीय निकाय जनप्रतिनिधिविहीन हुनु र प्रशासनयन्त्र कमजोर रहनु हाम्रो अर्थतन्त्रमा निहित सबभन्दा ठूलो विसङ्गति हो । (*अन्नपूर्ण पोष्ट,* २०६६ असार ३१) | हामीकहाँ के परम्परा रहेको छ भने नीति तथा कार्यक्रम बनाउने सरकारको आयु एक वर्ष पनि पुग्दैन तर दसौं वर्ष लाग्ने योजना घोषणा गरिन्छ । (*अन्नपूर्ण पोष्ट,* २०६६ असार २८) |
| केही वर्षअघि नेपालको पर्यटन प्रवर्द्धनका निम्ति गरिएको 'भिजिट नेपाल' कार्यक्रमको असफलताले धेरै पाठ सिकाएको छ हामीलाई । ... तथ्याङ्कले ... । त्यसबाहेक पर्यटन क्षेत्रको प्रगति र विस्तार गर्न हाम्रासामु अरू धेरै समस्या छन् । ... होइन भने सधैं हाम्रा अगाडि विकास होइन, यथास्थितिको बोलवाला रहिरहन्छ । (*अन्नपूर्ण पोष्ट,* २०६६ असार २६) | मानवसेवाको भावना नै आफ्नो आचारसंहिताको मूलआत्मा मान्ने पेसाकर्मीको यस्तो व्यवहारबाट हाम्रो स्वास्थ्य क्षेत्रको हाम्रो अहिलेको वास्तविकताको तस्बिर झल्काउँछ । विसङ्गति दर्शाउँछ । ... (गाब्रिएल गार्सिया) मार्खेजको त्यो वर्णन र मध्यपश्चिमको पहाडी क्षेत्रको महामारीमा हाम्रा सरकारी संयन्त्र र गैरसरकारी संस्थाहरूको निरूपाय संलग्नतामा समानता देखिन्छ । (*अन्नपूर्ण पोष्ट,* २०६६ साउन १३) |
| त्यसमा राजनीतिक हस्तक्षेत्र (प) र विद्यार्थी सङ्गठनको उद्दण्ड संस्कारले हाम्रो शिक्षा क्षेत्रको रहेसहेको इज्जत पनि माटोमा मिलाएको छ । (*अन्नपूर्ण पोष्ट,* २०६६ साउन १५) | |

बक्स २ मा उल्लिखित सम्पादकीय उदाहरणहरूबाट 'हामी' र 'हाम्रो' शब्दको प्रयोग पत्रकारिताको समावेशन सन्दर्भ वा प्रयोजन बाहिर गएर सामान्य अर्थमा समेत भएको देखिन्छ ।

*अन्नपूर्ण पोष्ट*को 'हामी' र 'हाम्रो' शब्दको प्रयोगले सोझो अर्थमा त्यसका मालिक, पत्रकार र प्रकाशन गृहलाई सामूहिक रूपमा बुझाएको हुनुपर्ने हो । बक्स २ का उदाहरणहरूले यस्तो देखाउँदैनन् । असार ३१ गतेको सम्पादकीयमा देशको अर्थतन्त्रलाई 'हाम्रो अर्थतन्त्र' भनिएको छ । कुनै पनि प्रकाशन गृहको मालिक, पत्रकार र प्रकाशन गृहले देशको अर्थतन्त्रलाई 'हाम्रो' भनिरहनु पर्दैन । भन्नै नपर्ने कुरा भन्नु ठीक होइन । *अन्नपूर्ण पोष्ट*मा असार २८ गतेको सम्पादकीयमा 'हामीकहाँ' रहेको परम्परा भनेर पनि देशकै परम्परालाई जनाइएको छ । प्रकाशन गृहमा रहेको परम्परा हो भने मात्र त्यसरी लेख्दा सोझो अर्थ लाग्छ । पाठकले आफूलाई पनि समेटिएको होला भन्ने भ्रम राखेर पढे भने मात्र हो, नत्र त्यसले नकारात्मक प्रभाव जन्माउँछ । ती शब्दले विशिष्ट ओज गुमाइरहेका हुन्छन् । कुनै बेला प्रकाशन गृहका मालिक, पत्रकार र प्रकाशन गृहलाई मात्र समेटेर 'हामी' र 'हाम्रो' भन्नुपर्ने अवस्थामा ती शब्दको अर्थ फिक्का भइसकेको हुन्छ । पाठकले सामान्य रूपमै मात्र बुझिदिए भने सम्पादकीयमा विशेष अर्थ शक्तिका साथ प्रयोग हुने ती रूपको गरिमा हराउन सक्छ ।

यसै गरी 'भिजिट नेपाल' कार्यक्रमको असफलताले धेरै पाठ सिकाएको, तथ्याङ्कले अहिलेको वास्तविकताको तस्बिर झल्काएको, अरू धेरै समस्या रहेको र विकास नभएर यथास्थितिको बोलवाला रहेको वाक्यमा जोडिएका 'हाम्रो', 'हामीकहाँ', 'हाम्रासामु', 'हाम्राअगाडि' जस्ता शाब्दिक रूप र शाब्दिक रूप-समूह अनावश्यक छन् । अनावश्यक भएकैले तिनले सामान्य भए पनि गलत अर्थ बोक्न बाध्य छन् । 'भिजिट नेपाल' कार्यक्रमको असफलताले *अन्नपूर्ण पोष्ट*का मालिक, पत्रकार र प्रकाशन गृहलाई मात्रै धेरै पाठ सिकाएको होला भन्ने अनुमान गर्न सम्पादकीयका अरू वाक्यहरूले सघाउँदैनन् ।

यसै गरी तथ्याङ्कले *अन्नपूर्ण पोष्ट*का मालिक, त्यसका पत्रकार र प्रकाशन गृहको अहिलेको वास्तविकताको तस्बिर झल्काएका अवश्य होइनन् । उनीहरू सामु मात्रै पर्यटन क्षेत्रका अरू धेरै समस्या रहेका होइनन् । उनीहरूका अगाडि मात्रै विकास नभएर यथास्थितिको बोलवाला रहेको पनि होइन । पर्यटन विषयको असार २६ गते प्रकाशित सो सम्पादकीयले सिङ्गो देशको भाव बोकेको भए पनि त्यसमा 'हामी' र 'हाम्रा' शब्दलाई अनावश्यक ठाउँमा प्रयोग गरी सङ्कुचित

अर्थमा झारिएको छ । पत्रकारितामा सोझो अर्थ लगाउँदा यस्तो प्रयोग गलत ठहरिन्छ ।

प्रवृत्तिका दृष्टिले *अन्नपूर्ण पोष्ट*का अन्य सम्पादकीयहरूमा पनि यसै खालको प्रयोग पाइएको छ । साउन १३ र १५ गते प्रकाशित सम्पादकीयमा भएका 'हाम्रो स्वास्थ्य क्षेत्रको', 'हाम्रा सरकारी संयन्त्र' र 'गैरसरकारी संस्थाहरूको', 'हाम्रो शिक्षा क्षेत्रको' जस्ता केही उदाहरणमा रहेका 'हाम्रो', 'हाम्रा' रूपलाई केलाउँदा राष्ट्रिय भावलाई अखबारका मालिक, संस्था र पत्रकारको भावमा सीमित गरिएको पाइन्छ । यी कुराको सन्दर्भ प्रेससित मात्र होइन, पाठकसित पनि उत्तिकै छ । त्यसको ख्याल गरिएको देखिँदैन ।

### *प्रयोजन बाहिरको असामान्य अर्थमा समेत*

पत्रकारितामा साहित्यको जस्तो तह तहको घुमाउरो अर्थ होइन, एक तहको सोझो अर्थ लाग्ने गरी मात्र शब्दको प्रयोग गरिएको हुनुपर्छ । सोझो अर्थमा बुझ्न खोज्दा *गोरखापत्र*का सम्पादकीयले 'हामी' र 'हाम्रा' जस्ता शब्दबाट सम्प्रेषण गर्ने भाव असामान्य, असत्य र अनौठा लाग्छन् (हेर्नुहोस्, बक्स ३) ।

बक्स ३ मा उल्लिखित सम्पादकीयका उदाहरणहरूलाई नियाल्ने हो भने प्रेसको व्यावसायिक र पत्रकारिताको विधागत गरिमा र महत्त्वको अवमूल्यन हुने गरी समावेशन सन्दर्भ वा प्रयोजन बाहिरको असामान्य अर्थमा समेत 'हामी' र 'हाम्रो' शब्दको प्रयोग भएको देखिन्छ । असार २७ गते *गोरखापत्र*मा छापिएको सम्पादकीय पढ्दा यस्तो लाग्छ, उनीहरू (सरकार, पत्रकार र संस्थान) संवैधानिक व्यवस्थालाई आफ्नो ठान्छन् । व्यवस्थापिका संसदलाई 'हाम्रो' भन्छन् । दलहरूलाई चाहिँ त्यसो भन्दैनन् ।

साउन १५ गतेको सम्पादकीय पढ्दा लाग्छ, उनीहरू (सरकार, पत्रकार र संस्थान) दलीय आग्रह पूर्वाग्रहमा धेरै नै अल्झिएका रहेछन् । अब दलीय आग्रह पूर्वाग्रह त्यागेर राष्ट्रिय आवश्यकतामा एकाकार हुने हो भने नयाँ नेपालको नयाँ तस्बिर उनीहरूबीच उपस्थित हुनसक्छ भन्ने आशा पालेका रहेछन् । उनीहरू नयाँ संविधानले नेपालीको के हुन्छ भन्दा पनि आफ्नो भाग्योदय गराउन सक्छ भन्ठान्दा रहेछन् ।

त्यति मात्र होइन, सरकार, पत्रकार र गोरखापत्र संस्थान परम्परागत लैङ्गिक भेदभावमा विश्वास गर्छन् र उनीहरू लैङ्गिक दृष्टिले असंवेदनशील छन् भन्ने पनि असार २९ गतेको सम्पादकीय पढेपछि छर्लङ्ग हुन्छ । शासनसत्तामा पुरुषहरू नै छन् र देशमा विकासको काम राम्ररी भएन भन्नुपर्दा पनि उनीहरू उखानमार्फत

**बक्स ३ : प्रयोजन बाहिरको असामान्य अर्थ**

| | |
|---|---|
| हाम्रो संवैधानिक व्यवस्थाभित्र सबै दलहरूको सहमति र सहकार्यलाई अनिवार्य सर्तका रूपमा उल्लेख गरिए पनि केही समय यतादेखि दलहरू र हाम्रो व्यवस्थापिका संसद त्यसतिरको यात्रामा अघि बढे झैँ कहीँ कतै अनुभूत हुँदैनथ्यो । (*गोरखापत्र*, २०६६ असार २७) | नेपाली समाजमा एउटा उखान छ जब राति तब बुढी ताती, ...। यो उखान हाम्रो विकास निर्माण प्रक्रियामा ठ्याक्कै मेल खान्छ । ... असारको झमझम पानीमा सडक निर्माण गर्ने र फेरि अर्को वर्ष त्यही सडक बनाउन पर्ने नियतिबाट हाम्रो विकास प्रक्रियाले मुक्ति पाउनै पर्छ । (*गोरखापत्र*, २०६६ असार २९) |
| त्योभन्दा बरु भ्यागुताको बिहे गराएर विविध भाकलसहितको पूजाअर्चना गरेर र कैयौँ मठमन्दिरमा पशुबलि दिएर पानी पार्ने कोसिसमा हामी जुट्छौँ । ... संस्कृतिमा हामी जुट्छौँ । (*गोरखापत्र*, २०६६ साउन १०) | ... पर्यटकहरूले विदेशमा हाम्राबारेमा के कस्तो टिप्पणी गर्लान् ? त्यसको कल्पना गर्दा पनि हामीलाई कुरीकुरी लाग्नुपर्ने हो । ... सबै राजनीति बन्द भएर हाम्रो घर आँगन, समाजदेखि राजधानी क्षेत्र सफा र सुग्घर बनाइनु पर्छ । (*गोरखापत्र*, २०६६ साउन १३) |
| हामी जहाँ नदीनालाको वहाव क्षेत्र अतिक्रमण गरेर आफू बस्छौँ भने त्यहाँ प्राकृतिक दुर्घटना अवश्यम्भावी छ भन्ने प्रसङ्गलाई आँखा चिम्लन मिल्दैन । (*गोरखापत्र*, २०६६ साउन १४) | ... अपेक्षित नयाँ संविधानले हाम्रो भाग्योदय गराउन सक्छ । ... सरकार र प्रतिपक्षी कोण दृष्टिकोणका मर्ममान्यतामा हामी धेरै अल्झियौँ तर अबको पालो हो आआफ्ना दलीय आग्रह एवं पूर्वाग्रहलाई त्यागेर राष्ट्रिय आवश्यकतामा एकाकार हुने । ... नयाँ तस्बिर हामीबीच उपस्थित हुनसक्छ । (*गोरखापत्र*, २०६६ साउन १५) |

बृद्ध महिलाको खिल्ली उडाउँछन् । संस्कृतिमा पनि अरू होइन, उनीहरू नै जुट्दा रहेछन् । उनीहरूले भाकल गरी गरी कैयौँ मठमन्दिरमा पूजा अर्चना र पशुबलि दिने मात्र होइन, पानी पार्नका लागि भ्यागुताको बिहेसमेत गराउँदा रहेछन् । साउन १० गते छापिएको सम्पादकीय पढेपछि सोझो अर्थमा यो कुरा नमानी धर पाइन्न ।

सरकार, गोरखापत्र संस्थान र त्यहाँ कार्यरत पत्रकारहरू बस्ने ठाउँ पनि विशेष रहेछ । साउन १४ गतेको सम्पादकीय पढेपछि थाहा हुन्छ, उनीहरू

नदीनालाको बहाव क्षेत्र अतिक्रमण गरेर समेत बस्ने गरेका रहेछन् । त्यसो त त्यहाँ बसेपछि प्राकृतिक दुर्घटना अवश्यम्भावी भएको ठान्दै त्यसलाई आँखा चिम्लन मिल्दैन भनेर चित्त बुझाउँदा पनि रहेछन् ।

साउन १३ गतेको सम्पादकीयमार्फत उनीहरू (सरकार, पत्रकार र संस्थान) ले राजधानीमा थुप्रिएको फोहोर देखेर चिन्ता जाहेर गरेका छन् । त्यो पनि अरू कारणले होइन, विदेशी पर्यटकले स्वदेश फर्केपछि नेपालको होइन, उनीहरूकै बारेमा के कस्तो टिप्पणी गर्लान् भनेर । उनीहरू, विदेशीले गर्ने टिप्पणीको कल्पना गरेर आफूलाई कुरीकुरी लाग्नुपर्ने ठान्दा रहेछन् ।

## प्रमुख पदावली : प्रस्थापना र पुनरुक्ति

सामान्यत: अखबार पत्रकारितामा एउटै कुरालाई उस्तै तरिकाले दोहोऱ्याएर लेखेको राम्रो मानिँदैन । सम्पादकीय लेखनमा त्यो पनि प्रमुख पदावलीका सन्दर्भमा भने कुरा फरक छ । सम्पादकीयको मुख्य अनुच्छेदमा उल्लिखित प्रमुख पदावलीको अन्तिम अनुच्छेदमा एक पटक पुनरुक्ति हुनुलाई विशेषताका रूपमा ग्रहण गरिन्छ । यसो गर्दा समस्या, सूचना, विचार वा भावमध्ये जेलाई प्रमुख मानिएको छ, त्यसैको केन्द्रीयतामा सम्पादकीय अडिन सक्छ । अन्यथा कताको कुरा बरालिएर कता न कता पुग्न पनि सक्छ । यस दृष्टिले नेपाली अखबारका सम्पादकीयको प्रयोग शैली कस्तो छ त ? यस खण्डमा यही प्रश्नको साङ्केतिक उत्तर खोजिएको छ ।

अध्ययनमा परेका दुवै समूहका गरी जम्मा ३६ ओटा सम्पादकीयहरूको प्रमुख पदावली प्रस्थापना र पुनरुक्तिलाई ध्यानमा राखेर केलाउँदा यसमा पनि शैलीगत भिन्नता फेला परेको छ । सामान्यत: नेपाली दैनिक अखबारका सम्पादकीयमा कुनै पनि विषयमा कुरा उठाउँदा प्रमुख पदावलीको प्रस्थापना र पुनरुक्ति फरक-फरक ढङ्गले गर्ने वा गर्दै नगर्ने प्रवृत्ति पनि देखिएको छ । तिनलाई समस्या केन्द्रित, समस्यासहित सूचना, सूचना केन्द्रित र समस्या एक : तरिका अनेक गरी चार प्रकारमा राखेर उठान र समापनको सङ्क्षिप्त विश्लेषण गरिएको छ । हरेक समूहका लागि तीनैओटा अखबारबाट एक-एकओटा गरी कुल ३६ मध्ये १२ ओटा सम्पादकीयका उदाहरण यस खण्डमा समेटिएका छन् ।

### *समस्या केन्द्रित उठान*

समस्याको चुरो समातेर थालिएका सम्पादकीय महत्त्वपूर्ण हुन सक्छन् । यस कुरालाई *अन्नपूर्ण पोष्ट, गोरखापत्र* र *नागरिक* दैनिकले विभिन्न तरिकाले

आत्मसात गरेका छन् । प्रस्तुतिको पारा भने आ-आफ्नै खालको छ (उदाहरणका लागि हेर्नुहोस्, बक्स ४) ।

**बक्स ४ : समस्या केन्द्रित उठानमा विविधता**

| **पहिलो अनुच्छेदबाट** | **अन्तिम अनुच्छेदबाट** |
|---|---|
| राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य लीला पाठकले आयोगको कार्यशैलीप्रति असहमति व्यक्त गर्दै आफू राजीनामा दिने मनस्थितिमा पुगेको सञ्चारमाध्यमलाई बताएकी छन् । आफू महिला भएकै कारण आयोगमा विभेद गरिएको आरोप पनि उनले लगाएकी छन् । ... | जेहोस्, आयोगका अध्यक्ष आफैँ अग्रसर भएर पाठकको असन्तोषलाई सम्बोधन गर्नुपर्ने देखिन्छ । सदस्य पाठकले पनि राजीनामा गर्नुभन्दा आयोगमा बसेरै आफूलाई लागेको विसङ्गतिविरुद्ध सङ्घर्ष गर्नु श्रेयष्कर हुनेछ । ... (विभेदजन्य असन्तोष, *नागरिक*, २०६६ असार ३१) |
| (विवाद, धर्ना, मोलमोलाइ र सहमतिको माखेसाङ्लो) विगत चार दिनदेखि राजधानीको फोहोर सिसडोल ल्यान्डफिल साइटमा फाल्न दिइएको छैन । ... | सरकारका उच्च अधिकारीहरू नै जब फोहोरमा बार्गेनिङ भएको र व्यक्तिगत स्वार्थ पूरा गर्न दुष्प्रयास भएको ठहर गर्छन् भने त्यस्तो अवाञ्छित कार्य रोक्न केले छेकेको छ ? अब त अति भयो- नागरिकको जीवनमाथिको चुत्थो खेलबाड तुरुन्त रोकिनुपर्छ । (फोहोरमति, *अन्नपूर्ण पोष्ट*, २०६६ साउन १२) |
| पानी परेन भने खडेरीले आम जनजीवन सन्त्रस्त तुल्याउँछ, पानी पऱ्यो र अलि बढी भयो भने पहिरो र बाढीले मुलुकका विभिन्न भागमा अनेकन् भौतिक र मानवीय क्षति छरपष्ट तुल्याउँछ । सोमबार यस्तै-यस्तै भयो । ... | ... यद्यपि जहाँ इच्छा हुन्छ त्यहाँ उपाय पनि हुन्छ । यसतर्फको मर्मबोध गर्दै बाढी एवं पहिरो पीडितहरूलाई यथोचित उद्धार गरिनु र राहतको पहुँच पुऱ्याउनु भने उत्तिकै जरुरी पनि छ । (वर्षाको प्रभाव र पीडा, *गोरखापत्र*, २०६६ साउन १४) |

*नागरिक* दैनिकमा छापिएको 'विभेदजन्य असन्तोष' शीर्षकको सम्पादकीयको सुरुमै 'कार्यशैलीप्रति असहमति', 'राजीनामा दिने' र 'विभेद गरिएको आरोप' जस्ता पदावलीबाट समस्याको उठान गरिएको छ । यी पदावलीले दर्शाएका समस्याको समाधानका लागि सुझावका रूपमा अन्तिम अनुच्छेदमा 'असन्तोषलाई सम्बोधन', 'राजीनामा गर्नुभन्दा' र 'विसङ्गतिविरुद्ध सङ्घर्ष गर्नु श्रेयष्कर' जस्ता

पदावली प्रयोग गरिएको छ । एउटा वाक्यमा 'गर्नुपर्ने देखिन्छ' र अर्को वाक्यमा 'गर्नु श्रेयष्कर हुनेछ' भन्ने क्रिया पदावलीको प्रयोगबाट सुझावको लागि नरम शैली अपनाइएको देखिन्छ । यसमा जटिल समस्याबाट कुरा उठाएर सरल समाधानमा बिसाउने सम्पादकीय लेखनको शैली प्रयोग भएको छ । यस्ता उदाहरणहरू *नागरिक* दैनिकमा अरू पनि छन् ।

*अन्नपूर्ण पोष्ट*मा सम्पादकीयको प्रस्तुति शैली झट्ट हेर्दैमा *नागरिक* र *गोरखापत्र*को भन्दा भिन्न देखिन्छ । *अन्नपूर्ण पोष्ट*ले मूल शीर्षक तल पहिलो अनुच्छेद सुरु गर्नुअघि नै 'लाइट फेस' मा इटालिक्स गरी पाठभन्दा ठूलो 'प्वाइन्ट' मा मूल भाव प्रस्तुत गरेको पाइएको छ । हप्ताको छ दिन दैनिक दुई-दुईओटा सम्पादकीय छाप्ने *अन्नपूर्ण पोष्ट*ले मूल भावलाई पहिलो सम्पादकीयको शैलीका रूपमा नियमित प्रयोग गरेको पाइन्छ । त्यसअनुसार उदाहरणमा लिइएको 'फोहोरमति' शीर्षकलाई मूल शीर्षकका रूपमा लिनुपर्ने हुन्छ । उक्त सम्पादकीयमा 'विवाद, धर्ना, मोलमोलाइ र सहमतिको माखेसाङ्लो' लाई उप-शीर्षक वा मूल बुँदाका रूपमा प्रस्तुत गरिएको छ । जसरी प्रस्तुत गरिए पनि पहिलो अनुच्छेदमा उल्लिखित 'राजधानीको फोहोर' लाई नै प्रमुख पदावली मान्न सकिन्छ । अन्तिम अनुच्छेदमा त्यसलाई 'फोहोरमा बार्गेनिङ' र 'त्यस्तो अवाञ्छित कार्य' भन्ने पदावलीले सङ्केत गर्न खोजेका छन् । यसमा पहिलो अनुच्छेदमा समस्याबाट कुरा उठाइएको छ र अन्तिम अनुच्छेदमा समाधानका लागि सरकारी उच्च अधिकारीको नियत र शैलीमाथि प्रश्न उठाएर 'तुरुन्त रोकिनुपर्छ' भन्दै कडा तरिकाले सुझाव दिइएको छ । सामान्यतः सुरुको समस्या दर्शाउने वाक्य सामान्य देखिए पनि अन्त्यतिर समाधानका सन्दर्भमा *अन्नपूर्ण पोष्ट*को सम्पादकीयमा कडा खालका पदावलीको प्रयोग भएको पाइन्छ । 'दुष्प्रयास भएको ठहर', 'अब त अति भयो' र 'नागरिकको जीवनमाथिको चुत्थो खेलबाड' जस्ता थप पदावलीले यो कुरा दर्शाउँछन् । समस्याबाट कुरा उठाएर कडा तरिकाले सुझाव दिएर टुङ्ग्याउने यस खालका उदाहरणहरू *अन्नपूर्ण पोष्ट*मा अरू पनि केही छन् ।

*गोरखापत्र*मा 'वर्षाको प्रभाव र पीडा' शीर्षकमा रहेको सम्पादकीयको पहिलो अनुच्छेदमा प्रमुख पदावली खोज्ने हो भने झण्डै 'माछो माछो, भ्यागुतो' को अवस्थामा पुगिन्छ । आठ र १० वाक्यका जम्मा दुई अनुच्छेदका पहिला दुई र अन्तिम दुई वाक्यमा कतै पनि सम्पादकीयका प्रमुख पदावली भन्न सकिने शब्द र पदावली देखिएनन् । पहिलो अनुच्छेदमा समस्याबाट कुरा उठाएर अन्तिममा समाधानको चरणमा पुग्ने खालका सम्पादकीय *गोरखापत्र*मा कमै मात्र भेटिए । शीर्षकमै समस्या झल्किए पनि *गोरखापत्र*को यो सम्पादकीयको

पहिलो अनुच्छेद कथाको शैलीमा छ । शीर्षकले सङ्केत गरेको समस्यालाई प्रमुख पदावलीमा स्थापना नै गरिएको छैन । यसले समस्याको प्रस्तुतिलाई फितलो बनाएको छ । पहिलो अनुच्छेदमा 'तुल्याउँछ', 'अनेकन्', 'छरपष्ट' जस्ता शब्दहरूको चयन उपयुक्त ठाउँमा भएको छैन । अन्तिम अनुच्छेदको पनि हालत उस्तै उस्तै छ । 'जहाँ इच्छा त्यहाँ उपाय' भनेर समाधानका कुरा उठाउन खोजे जस्तो देखिन्छ । त्यसपछिको वाक्यमा पीडितलाई उद्धार गरी राहत दिनु 'जरुरी' भएको कुरा उठाइएको छ । जरुरी कुरा उठाउन लेखिएको वाक्यमा 'मर्मबोध', 'यथोचित', 'पहुँच', 'भने', 'उत्तिकै' जस्ता शब्दको प्रयोग पनि सही ठाउँमा भएका छैनन् । यसले समाधानका लागि दिन खोजिएको सुझावलाई पनि कमजोर बनाएको छ ।

## *समस्यासहित सूचनाबाट उठान*

नेपाली दैनिक अखबारका सम्पादकीयहरू समस्या सुल्झाउने कदम चालिएका सूचनाबाट उठान गरी सुझाव तथा प्रतिक्रियामा टुङ्ग्याइने गरेका पनि पाइएका छन् । यस्तो शैलीका सम्पादकीयमा पनि प्रमुख पदावली प्रस्थापना र पुनरुक्तिको प्रवृत्तिमा विभिन्नता भेटिएको छ (हेर्नुहोस्, बक्स ५) ।

उदाहरणमा दिइएको 'बजार हस्तक्षेप' शीर्षकको सम्पादकीयको सुरुका दुई वाक्यमै समस्या सुल्झाउने कदम स्वरूप सरकारले 'बजारमा हस्तक्षेप गर्ने उपाय' अपनाउँदै 'केही व्यापारीका' भण्डारमा छापा मारेको सूचना छ । अन्तिम अनुच्छेदको अन्तिम दुई वाक्यमा पनि पहिलो अनुच्छेदमै स्थापित प्रमुख पदावली सम्झाउने गरी 'बजार अनुगमनका विभिन्न उपाय' र 'वैयक्तिक सम्मानमा हस्तक्षेप' जस्ता पदावली प्रयोग भएका छन् । सुरुको 'केही व्यापारी' भन्ने पदावलीले अन्तिमको 'वैयक्तिक सम्मान' भन्ने पदावलीलाई व्यापारीहरूकै सम्मानसँग जोडेको देखिन्छ । जसरी पनि मूल्यवृद्धिको समस्या सुल्झाउन बजारमा हस्तक्षेप गरिएको सूचनालाई प्रस्तुत गरिएको *नागरिक*को सम्पादकीयले सुरु र अन्त्यका पदावलीमा केही शब्द यताउता गरी समर्थनमा प्रतिक्रिया दिएको देखिन्छ ।

'उच्चस्तरीय संयन्त्र' भन्ने मूल शीर्षकको सम्पादकीयमा चाहिँ 'उच्चस्तरीय साझा संयन्त्र बनाउने सहमति' को सूचना छ । यो पदावलीको प्रस्थापना गर्नुअघि नै प्रमुख दलका बीचमा बढ्दै गएको अविश्वास र आशङ्काले शान्तिप्रक्रिया र संविधान निर्माण जटिल मोडमा पुगेको समस्या प्रस्तुत गरिएको छ । पहिलो अनुच्छेदको सो पहलको स्वागत गर्दै अन्तिम अनुच्छेदमा 'उच्चस्तरीय साझा संयन्त्र' लाई जस्ताको तस्तै र 'माओवादी र काँग्रेस' लाई उल्टाइएको रूपमा

**बक्स ५ : समस्यासहित सूचनाबाट उठानमा विविधता**

| **पहिलो अनुच्छेदबाट** | **अन्तिम अनुच्छेदबाट** |
|---|---|
| दैनिक उपभोगका वस्तुको भाउ अस्वाभाविक रूपमा बढ्न थालेपछि सरकारले बजारमा हस्तक्षेप गर्ने उपाय अपनाउन थालेको छ। यस क्रममा स्थानीय प्रशासनले केही व्यापारीका गोदाम र फलफूल भण्डारणमा छापा मारेको छ। ... | ... अतः कृत्रिम मूल्य वृद्धि नियन्त्रणका लागि स्थानीय प्रशासनले बजार अनुगमनका विभिन्न उपाय अपनाइरहनु पर्छ। यस्ता उपाय अपनाउँदा प्रचलित कानून र वैयक्तिक सम्मानमा हस्तक्षेप भने हुनुहुँदैन। (बजार हस्तक्षेप, *नागरिक*, २०६६ साउन १२) |
| ... प्रमुख दलका बीचमा बढ्दै गएको अविश्वास र आशङ्काले शान्तिप्रक्रिया र संविधान निर्माण जटिल मोडमा पुगेको छ। यसैबीच, राष्ट्रिय राजनीतिमा निर्णायक अर्थ राख्ने दुई प्रमुख शक्ति माओवादी र काँग्रेस शान्तिप्रक्रिया टुङ्गोमा पुऱ्याउने र निर्धारित समयमै संविधान निर्माण गर्ने विषय साकार पार्न उच्चस्तरीय साझा संयन्त्र बनाउने सहमतिमा पुगेका छन्।... | ... यसैले काँग्रेस र माओवादीका शीर्षनेताबीच उच्चस्तरीय साझा संयन्त्र बनाउने पहल स्वागतयोग्य छ, यसलाई व्यवहारमा अवतरण गराउनु पर्छ। प्रधानमन्त्री माधव कुमार नेपाल र काँग्रेस सभापति कोइरालाबीच यसै विषयमा मङ्गलबार थप छलफल हुनुले मूर्त रूप लिने कुरामा आशावादी हुने ठाउँ अझ बढेको छ। (उच्चस्तरीय संयन्त्र, *अन्नपूर्ण पोष्ट*, २०६६ साउन १४) |
| जतातते खाद्यान्नको अभाव र महँगीको चर्चा मुखरित भइरहेका बेला उपत्यकाका केही ठूला खाद्यान्न गोदामहरूमा छापा मारिएको छ। ... | ... गोदममा 'छापा' मारिने खाद्य सामग्री समातिने तर संलग्न व्यापारीहरूलाई भने 'देखावटी' रूपमा समातेर समस्याले समाधान प्राप्त गर्न सक्तैन। ... (उपभोक्ताको अपेक्षा, *गोरखापत्र*, २०६६ साउन १२) |

'काँग्रेस र माओवादी' भन्ने पदावलीहरूमा प्रस्तुत गरेर शान्ति स्थापना र संविधान निर्माण हुनेमा आशावादी हुन सकिने भाव प्रकट गरिएको छ।

'उपभोक्ताको अपेक्षा' शीर्षकको सम्पादकीयमा पहिलो अनुच्छेदको पहिलो वाक्यमा अभाव र महँगीको समस्यालाई घटाउन प्रमुख पदावलीमा 'गोदामहरूमा छापा' मारिएको सूचना दिइएको छ। त्यस पदावलीलाई पछ्याउँदै अन्तिम अनुच्छेदमा केलाउँदा बीचतिरको एउटा वाक्यमा गोदाममा 'छापा' भनेर छापा र देखावटी भन्ने शब्दमा *गोरखापत्र*ले 'सिङ्गल इन्भर्टेड कमा' समेत राखेको भेटिन्छ। सम्पादकीय साहित्यिक अभिव्यक्ति नभएकाले अर्कै तहको अर्थका लागि सङ्केत गर्न सकिने त्यस खालको चिह्नको आवश्यकता पर्दैन। उपभोक्ताको शीर्ष

अपेक्षालाई 'गोदाममा छापा' मारिएको प्रमुख पदावलीले सहजै पूर्ति गर्न पनि सक्दैन । यस खालका गाँजेमाजे शैलीमा लेखिएका सम्पादकीयले पनि अन्ततः समस्याको पृष्ठभूमिसहित पछिल्लो सूचनालाई प्रमुख मानेर विचार प्रकट गर्ने गरेको छ । *गोरखापत्र*मा यस खालका सम्पादकीय अरू पनि भेटिएका छन् ।

## *सूचना केन्द्रित उठान*

नेपाली दैनिक अखबारका सम्पादकीयहरूमा महत्त्वपूर्ण सूचनाबाट विषयको उठान गरी सुझाव र टिप्पणीमा टुङ्ग्याइने गरेको पनि पाइन्छ । यस्तो शैलीका सम्पादकीयमा पनि प्रमुख पदावली प्रस्थापना र पुनरुक्ति गर्ने प्रवृत्तिमा विशेषता र कमजोरी दुवै फेला परेका छन् (हेर्नुहोस्, बक्स ६) ।

पहिलो उदाहरणमा 'शपथ लिन अनिवार्य' गरिएको अदालतको फैसलालाई सूचनाका रूपमा लिएर प्रमुख पदावलीको निर्माण गरिएको छ । त्यसलाई अन्तिम अनुच्छेदमा सोही विषयको उल्लेख गर्दै 'विवाद नचर्काउनु बुद्धिमानी' हुने टिप्पणी गरिएको छ । दुवै अनुच्छेद शपथ र भाषासम्बन्धी विषयमै केन्द्रित छन् ।

दोस्रो उदाहरणका रूपमा उल्लिखित नेता र कलाकारबीचको फुटवल खेलको सूचनालाई अर्थपूर्ण मानेर प्रस्तुत गरिएको छ । राजनीतिमा रहेको कटुता, विवाद र अस्वस्थ प्रतिस्पर्धा कम होस् भन्ने अभिप्राय यसमा लुकेको छ । 'राजनीति पनि नियमपूर्वक चलिरहोस्' भन्ने मूल भाव दर्शाइएको सो सम्पादकीयको पहिलो अनुच्छेदको सुरु वाक्यमै 'फुटबल खेल' र 'सामाजिक र राजनीतिक सङ्केत अर्थपूर्ण' भन्ने प्रमुख-पुरक पदावलीहरू रहेका छन् । अन्तिम अनुच्छेदमा 'यो खेल, 'सौहार्दपूर्ण र मित्रवत् आग्रह, 'मैत्रीपूर्ण खेल' जस्ता पदावलीले पछ्याएका छन् । असल अभिप्रायले प्रश्न उठाउँदै नकारात्मक टिप्पणी गरी सम्पादकीय टुङ्ग्याइएको छ ।

'ग्याङ् फाइट र निरीह राज्यसंयन्त्र' शीर्षकको सम्पादकीयमा 'अपहरणको प्रसङ्ग', 'पैसाका लागि अपहरण', 'अपहरणपछि मोटो रकमको फिरौती', 'अपहरणपछिको व्यक्ति हत्या', 'अपहरणको निहुँमा', 'अपहरणकारी भन्दै' जस्ता पदावलीमा अपहरण शब्दको प्रयोग अत्यधिक भए पनि कुन चाहिँ पदावलीलाई प्रमुख मान्न खोजिएको हो वा सबैको उत्तिकै स्थान छ, यसै भन्न सकिँदैन । अन्तिम अनुच्छेदमा चाहिँ अपहरणको 'अ' पनि उल्लेख भएको पाइँदैन । विपरीतार्थक संयोजक 'तर' बाट सुरु गरिएको अन्तिम अनुच्छेदमा 'अपराधकर्मविरुद्ध दृढ हुन' भन्ने पदावलीले अपहरणलाई नै सङ्केत गर्न खोजेको होला भनेर अनुमान लगाउन मात्र सकिन्छ । 'ग्याङ फाइट र निरीह राज्यसंयन्त्र' भन्ने शीर्षकमा उल्लिखित

**बक्स ६ : सूचना केन्द्रित उठानमा विविधता**

| पहिलो अनुच्छेदबाट | अन्तिम अनुच्छेदबाट |
|---|---|
| उपराष्ट्रपति परमानन्द झाले एक वर्षअघि हिन्दी भाषामा लिएको शपथलाई सर्वोच्च अदालतले 'संविधान विपरीत' भन्दै नेपाली भाषामा शपथ लिन अनिवार्य गरेको छ। | ... यस पटक भने उपराष्ट्रपति झाले अदालतको निर्णय स्वीकार गरेर शपथको विषयमा विवाद नचर्काउनु बुद्धिमानी हुनेछ।<br>(शपथ र भाषा, *नागरिक*, २०६६ साउन ११) |
| टेलिचलचित्र कलाकर्मी सङ्घले आयोजना गरेको नेता-कलाकार फुटबल खेलले दिएको सामाजिक र राजनीतिक सङ्केत अर्थपूर्ण बनेको छ। ... खेलमा हारजित हुनु स्वाभाविक परिणति हो तर नेपाली राजनीतिमा कटुता र अस्वस्थ प्रतिस्पर्धा बढिरहेको अवस्थामा सत्तापक्ष र प्रतिपक्षका नेताहरू यसरी एकै टिममा समेटिनुको अर्थ र सन्देशचाहिँ अवश्य नै महत्त्वपूर्ण ठहर्छ। | सत्तापक्ष र विपक्षमा रहेका राजनीतिक दलका नेताहरू राजनीतिक प्रेक्ष्यालयमा जति विभाजित र कटुताग्रस्त छन्, त्यसको ठीक उल्टो परिदृश्य झल्किनु यो खेलको प्रमुख विशेषता हो। ... यदि खेल मैदानमा देखिएको सौहार्दपूर्ण र मित्रवत् आग्रह केवल औपचारिकतामात्र होइन भने सत्तापक्ष र प्रतिपक्षबीच फाटेको धाँजा पुर्न किन कठिनाइ परिरहेको छ ? मैत्रीपूर्ण खेलको समापनपछि पनि यो प्रश्नको सही उत्तरचाहिँ प्राप्त हुन सकेको छैन।<br>(फुटबलको सन्देश, *अन्नपूर्ण पोष्ट*, २०६६ असार २९) |
| यस्तो पनि दिन थियो यो मुलुकमा, जहाँ अपहरणको प्रसङ्ग सिनेमाको पर्दामा बाहेक कहीँ कतै दृष्टिगोचर हुँदैनथ्यो। ... पैसाका लागि अपहरण गरिनु र हुनु, अपहरणपछि मोटो रकमको फिरौती बुझाउनु मात्र नभएर अपहरणपछिको व्यक्ति हत्या मौलाइरहेका बखत राजधानीमा मङ्गलबार अपहरणको निहुँमा अपहरणकारी भन्दै गरिएको आक्रमणमा दुई युवाको मृत्युले एउटा नवीन स्वरूपलाई उजागर गरेको छ। | तर मुख्य कुरा राज्य सञ्चालनकर्ताको कमजोर इच्छा शक्ति नै हो। कानून व्यवस्था अवश्य राजनीतिक प्रश्न मात्र होइन तर त्यसमा चुस्त हुनु, अपराधकर्मविरुद्ध दृढ हुन कसले रोकेको छ ? प्रहरीलाई नियन्त्रण गर्ने, राज्य संयन्त्र निरीह बनेमा साना साना घटना पनि ठूला घटना, दुर्घटनामा परिणत हुन बेर लाग्दैन। गृहमन्त्री एवं मन्त्रालयले यसतर्फ विशेष ध्यान दिनु जरूरी छ।<br>(ग्याङ फाइट र निरीह राज्यसंयन्त्र, *गोरखापत्र*, २०६६ असार २५ गते) |

देशी विदेशी शब्दबाट बनेका पदावलीहरूले दर्शाउन खोजेको भावलाई पनि मूल पाठमा राम्ररी सम्बोधन गरिएको पाइँदैन। यति हुँदाहुँदै पनि अपहरणकारी भन्दै

आक्रमण गर्दा दुई युवाको ज्यान गएको सूचनालाई केन्द्रमा राखेर सम्पादकीय लेख्न खोजिएको जस्तो देखिन्छ । कथा भने जस्तो शैलीले यस सम्पादकीयमा सूचनालाई ओझेलमा पारेको छ र गहन समस्या पनि हल्का रूपमा प्रस्तुत भएको छ । अनावश्यक र अनुपयुक्त शब्दहरूको प्रयोगले यस्तो भएको हो । यस सम्बन्धमा पृथक अनुसन्धान गरी थप विश्लेषण गर्न सकिन्छ ।

## *समस्या एक : तरिका अनेक*

नेपाली दैनिक अखबारका सम्पादकीयहरूमा एकै खालका समस्या र सूचनालाई पनि विभिन्न तरिकाले उठाउने र टुङ्ग्याउने गरेको पाइएको छ । प्रमुख पदावली प्रस्थापना र पुनरुक्ति गर्ने प्रवृत्तिका कोणबाट अध्ययनमा परेका सम्पादकीयहरूलाई केलाउँदा यस्तो देखिएको हो । यसअघि दिइएका कतिपय उदाहरणहरूमा यस्तो सङ्केत मिले पनि प्रसङ्गान्तर हुने हुनाले थप विश्लेषण नगरिएको हो । एउटै समस्यालाई फरक तरिकाको प्रस्तुतिका कोणबाट हेर्नका लागि पनि हरेक अखबारबाट एक-एकओटा गरी जम्मा तीनओटा उदाहरण लिइएको छ (हेर्नुहोस्, बक्स ७) ।

अशान्ति र असुरक्षाको एउटै समस्यालाई राजनीति हो कि अपराध हो भनेर छुट्ट्याउन कठिन भइसकेको स्थितिमा लेखिएका सम्पादकीयका उदाहरणहरू यी हुन् । पहिलो उदाहरणलाई केलाउने हो भने 'असुरक्षा र अराजकता' र 'विशेष सुरक्षा योजना' भन्ने पदावलीबाट समस्या उठान भएको देखिन्छ । दोस्रो उदाहरणमा चाहिँ 'सुरक्षा रणनीति' लाई प्रमुख पदावलीका रूपमा प्रस्थापना गरिएको छ । दुवैले उठाएका समस्याको सूचनाको जग विशेष सुरक्षा योजना नै हो । पहिलो उदाहरणको अन्तिम अनुच्छेदमा 'मानव अधिकार उल्लङ्घन', समग्र शान्ति सुरक्षाको अवस्था, विश्वास र पारदर्शिता तथा इमानदारी' भन्ने पदावलीहरू छन् । दोस्रोमा चाहिँ सुरुकै अनुच्छेदमा जस्तै 'सुरक्षा रणनीति' नै भनेर प्रमुख पदावलीलाई जस्ताको तस्तै उल्लेख गरिएको छ । अन्तिम अनुच्छेदको अन्तिम वाक्यमा चाहिँ 'हात्ती आयो हात्ती आयो फुस्सा' भन्ने मूल आशय दर्शाउने उक्तिलाई नै प्रयोग गरेर सम्पादकीय टुङ्ग्याइएको छ । पहिलो उदाहरणमा हेरौँ । यहाँ पहिलो अनुच्छेदको सुरुमै आएका वाक्यमा रहेका पदावलीका सूत्रलाई अन्तिम अनुच्छेदका बीचमा छरिएको अवस्थामा प्रस्तुत गरिएको छ । अन्त्यमा, दण्डहीनता प्रत्युत्पादक हुने टिप्पणी गर्दै शान्ति सुरक्षाको अवस्था सुधार्न दलहरू इमानदार हुनुपर्ने कुरा उठाइएको छ ।

तेस्रो उदाहरणलाई हेर्दा समस्या एउटै भए पनि आधार सूचना र समय फरक छ । यसले ल्याउने स्वाभाविक अन्तरलाई बिर्सने हो भने पनि प्रस्तुतिमा

**बक्स ७ : समस्या एक : तरिका अनेकमा पनि विविधता**

| **पहिलो अनुच्छेदबाट** | **अन्तिम अनुच्छेदबाट** |
|---|---|
| असुरक्षा र अराजकताले सरकारको अस्तित्वमा नै प्रश्न उत्पन्न भएका अवस्थामा सरकारले विशेष सुरक्षा योजना तयार गरेको सार्वजनिक जानकारी दिएको छ । ... | ... प्रहरी मनोबलका नाममा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही नगर्ने हो भने सुरक्षा योजना जनताका लागि प्रत्युत्पादक हुन्छ । ... समग्र शान्ति सुरक्षाको अवस्थामा सुधार गर्ने हो भने राजनीतिक दलहरूको विश्वास र पारदर्शिता तथा इमानदारीमा बढी जोड दिइनुपर्छ । ... (सुरक्षा योजना, *नागरिक*, २०६६ साउन १६) |
| शान्तिसुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य तथा मानवअधिकारको रक्षाका लागि विशेष कार्यक्रम सुरक्षा रणनीति बुधबार मन्त्रिपरिषद्बाट पारित भएको छ । ... | ... सुरक्षा निकायमा देखिने राजनीतिक पक्षपात अन्त्य गरी निष्पक्ष कार्य गर्नसक्ने सुरक्षा संयन्त्र परिचालन गरियो भने विशेष सुरक्षा रणनीतिले सफलता नपाउने कारण हुँदैन । ... राम्रो काम नराम्रो परिणाममा परिणत नहोस् भन्नेतर्फ गृहमन्त्रीमात्र होइन, सम्पूर्ण राजनीतिक शक्तिहरूमा सजगता र एकमत आवश्यक छ, अन्यथा हात्ती आयो हात्ती आयो फुस्सा हुनेछ । (नयाँ सुरक्षा योजना, *अन्नपूर्ण पोष्ट*, २०६६ साउन १६) |
| भर्खरै मुलुकले आर्थिक वर्ष २०६६।०६७ को नयाँ बजेट पायो । उक्त बजेटले विभिन्न विशेषताका साथ प्रतिविम्बित गरेको स्थायी शान्ति, संविधान र सम्मृद्धि एवं स्थायित्वको पक्ष भने यतिखेर सर्वाधिक चर्चामा छ । ... | ...अपराधीलाई कारबाही गर्न नसक्ने कुनै किसिमको राजनीतिक दाउपेच र चलखेल देखिए आफ्नो पद त्याग्नेसम्मको प्रखर दृढतामा देखिएका गृहमन्त्रीको गतिलाई मुलुकका सुरक्षा संयन्त्रहरूले यथासमय बुझेर साथ दिने हो भने मुलुकको स्थायी-शान्ति, संविधान लेखन एवं समृद्धितर्फको यात्राले मूर्तता पाउने तथ्यमा विश्वस्त हुन सकिन्छ । (राजनीतिक आवरणमा अपराध, *गोरखापत्र*, २०६६ असार ३१) |

अस्वाभाविक अन्तरसमेत भेटिएको छ । शीर्षकले राजनीतिक आवरणमा अपराध भने पनि पहिलो वाक्यमा नयाँ बजेट आएको प्रसङ्ग छ । दोस्रो वाक्यमा 'स्थायी शान्ति, संविधान र समृद्धि एवं स्थायित्वको' भन्ने पदावली छ । यसको सम्बन्ध

अन्तिम अनुच्छेदका वाक्यहरूमा खोज्दै जाँदा अन्तिम वाक्यमा रहेको 'स्थायी-शान्ति', 'संविधान लेखन एवं समृद्धितर्फको यात्राले मूर्तता पाउने' भन्ने वाक्यांशसँग कता कता जोडिएको जस्तो देखिन्छ। शीर्षकमा अभिव्यक्त विचारसँग यी पदावलीको सोझो नभए पनि गोरु बेचेको नातासम्म छ भन्न सकिन्छ।

भिन्नताको कुरा यत्तिमै सकिँदैन। तेस्रो उदाहरणकै अन्तिम वाक्यमा 'गृहमन्त्रीको गतिलाई मुलुकका सुरक्षा संयन्त्रहरूले यथासमय बुझेर साथ दिने हो भने' भन्ने वाक्यांशसमेत छ। यसले दिने सोझो अर्थ हो गृहमन्त्रीसमेत निरीह छन्। गृहमन्त्रीलाई साथ दिन सुरक्षा संयन्त्रलाई प्रेरित गरिएको छ। यस्तो अवस्था नै छैन भन्ने कुरा *अन्नपूर्ण पोष्ट*को एउटा सम्पादकीयमा उल्लिखित 'प्रहरीको छवि उठाउनु नै गृहमन्त्रालयको प्राथमिकता' भन्ने मूल भावले पनि देखाउँछ। *नागरिक*का तत्सम्बन्धी सम्पादकीयहरूमा पनि गृहमन्त्रीलाई सुरक्षा निकायहरूले साथ दिऊन् भन्ने भाव प्रकट भएको छैन। बरु मनोबल बढाउने निहुँमा नागरिकहरू असुरक्षित नहोऊन् र दण्डहीनता नमौलाओस् भन्ने आशय पाइन्छ। यो नै सही आशय हो। यसले केही सम्पादकीयमा अभिव्यक्त विचारको औचित्यमाथि पनि प्रश्न उठाउन सकिने ठाउँ रहेको देखाउँछ। सुरक्षा संयन्त्रले गृहमन्त्रीलाई साथ दिनुपर्ने विचार त यस्तो एउटा उदाहरण मात्र हो।

## निष्कर्ष र सुझाव

यस लेखमा नेपाली दैनिक अखबारको सम्पादकीयको प्रयोजनपरक भाषिक प्रस्तुतिमा विशेष शब्द र प्रमुख पदावलीको प्रस्थापना र पुनरुक्तिलाई सर्सर्ती केलाइयो। नेपाली दैनिक अखबारको अवस्था समान रूपमा परिपक्व देखिएको छैन। विशेष शब्द र प्रमुख पदावलीको प्रयोग, प्रस्थापना र पुनरुक्तिको सही प्रयोग गरेर मात्र कुनै पनि समस्या, सूचना, भाव वा विचारलाई सही रूपमा प्रकट गर्न सकिन्छ। अध्ययनमा परेका केही सम्पादकीयहरू अखबारकै नाक काट्ने खालका पनि छन्। यस्तो अवस्था रहिरहन दिनु हुँदैन।

नेपाली ठूला प्रतिनिधिमूलक दैनिक अखबारको सम्पादकीयको साङ्केतिक अध्ययन गर्दा 'हामी', 'हाम्रो' र 'हाम्रा' जस्ता विशेष शब्दहरूलाई सबैभन्दा बढी *गोरखापत्र*ले उल्लेख गरेको देखिन्छ। त्यसपछि *अन्नपूर्ण पोष्ट*को नाम आउँछ। *नागरिक* दैनिकमा भने ती शब्दहरूलाई उल्लेख नगरी 'स्वत: बोध्य सर्वनाम' को रूपमा उपयोग गरिएको पाइन्छ।

नेपाली दैनिक अखबारमा विशेष शब्द प्रयोगमा देखिएको विचलनलाई सम्पादकीयमा 'हामी' लेख्न पाइन्छ भन्ने सैद्धान्तिक ज्ञानको अपरिपक्व प्रयोगका

रूपमा पनि लिन सकिन्छ । सम्पादकीयमा आत्मवाची बहुवचन सङ्केतक सर्वनाम शब्दलाई सोझो र विशिष्ट अर्थमा प्रेसका मालिक र सञ्चार गृहसहित पत्रकारलाई बुझाउनैपर्ने अवस्थामा मात्र प्रयोग गरियो भने त्यसले सम्पादकीयलाई प्रेसको विचारका रूपमा ओजिलो र आडिलो बनाउन सक्छ ।

प्रमुख पदावलीको प्रस्थापना र पुनरुक्ति सीपमा मूल समस्या, सूचना, भाव वा विचारको आदि-अन्त्य शृङ्खला संयोजनका दृष्टिले *नागरिक* र *अन्नपूर्ण पोष्ट*का सम्पादकीयहरू अगाडि देखिएका छन् भने *गोरखापत्र* यी तीनओटा अखबारमा सबैभन्दा पछाडि छ ।

*नागरिक* र *अन्नपूर्ण पोष्ट*का सम्पादकीयहरू आदिदेखि अन्त्यसम्म नै मूल भाव र तथ्यमा केन्द्रित देखिन्छन् । *नागरिक*का बहुसङ्ख्यक सम्पादकीय सजिला, छरिता, स्पष्ट र तर्कसङ्गत विचार दिने खालका छन् । *अन्नपूर्ण पोष्ट*का कतिपय सम्पादकीयमा थप अन्वेषण, व्याख्या र विश्लेषणको समावेशी पनि छ । आठ वर्षको निरन्तर यात्राको अनुभव सँगालेको *अन्नपूर्ण पोष्ट*का सम्पादकीयहरू गहकिला भए पनि अप्ठ्यारा शब्द र लामा वाक्यले थिचिएकाले विचारमा प्रस्ट भए पनि सजिलै बुझिने खालका छैनन् । सरलता र छरितोपनामा ध्यान दिनसके राम्रो ।

*गोरखापत्र*का भने आधाभन्दा बढी सम्पादकीयहरू विचारको चुरो समाउने दृष्टिले असङ्गत शब्दचयन, भद्दा वाक्यगठन र तालमेल नमिलेका भाव बोकेका अनुच्छेदहरूको जालो जस्ता देखिएका छन् । दुःखका साथ भन्नुपर्छ, झण्डै ११० वर्षको इतिहास भएको *गोरखापत्र*ले सम्पादकीयलाई स्थिर रूपमा सुस्पस्ट बनाउन सकेको देखिएन । विशेष गरी भाषिक सरलता, वैचारिक स्पष्टता, प्रस्तुति र प्रयोजनको व्यावसायिक मर्मलाई *गोरखापत्र*ले निकै ख्याल गर्नुपर्ने देखिन्छ ।

पहिले जस्तो धेरैले नपढ्ने विधा भनेर सम्पादकीयलाई दुर्बोध्य बनाउने जमाना गए अब । विविधतापूर्ण पाठकको सीमान्त धरातलको मर्मलाई अबका सम्पादकीयले विवेकपूर्ण शैलीमा वस्तुगत भएर सरल र सहजतासाथ छुन सक्नैपर्छ । आमसञ्चार साक्षरताको युगमा प्रवेश गरिरहेका र सार्वभौमसत्तासम्पन्न नागरिकको हैसियतमा दरिइरहेका नेपाली पाठकको विश्वास र मनलाई जित्न र जितिराख्न पनि यसो गर्नु जरुरी छ । परिवर्तित सन्दर्भमा कुनै पनि समस्याको व्यावहारिक र तर्कसङ्गत समाधान के त ? यसलाई सम्पादकीयबाट सजिलो, छरितो र प्रस्टसँग बताउनका लागि पत्रकारले मिहिनेत र सञ्चार गृहले लगानी थप्नुपर्ने हुनसक्छ । सम्पादकीयबाट प्रकट हुने प्रेसको अमूल्य आवाजलाई 'तोलाको

बोली खोलामा' हुनसक्ने स्थितिबाट जोगाउन पत्रकारले आफ्नो भाषिक दक्षतालाई निरन्तर बलियो बनाउँदै जानु पर्दछ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज । २०६५ । *सामाजिक र प्रायोगिक भाषाविज्ञान* । काठमाडौँ : रत्नपुस्तक भण्डार ।

कँडेल, शुभशङ्कर । २०६३ । *व्यावसायिक पत्रकारिता* । काठमाडौँ : पैरवी प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल । २०६२ । *प्रायोगिक भाषाविज्ञान* । काठमाडौँ : एमके पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स ।


यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी । २०५८ । *भाषाविज्ञान* । काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

Crystal, David. 1985. *A Dictionary of Linguistics and Phonetics*. Oxford: Blackwell Publishers Ltd.

Grimes, Joseph E. 1975. *The Thread of Discourse*. Hague: Mouton Publishers.

Ryan, Buck and Michael O'Donnell. 2005. *The Editor's Toolbox* (First Indian Reprint). Delhi: Surjeet Publications.

Stein, M.L. and Susan F. Paterno. 2003. *The Newswriter's Handbook*. Delhi: Surjeet Publications.




**Chautari Book Series 55**

This edited volume on Nepal's education includes scholarly works in the field that have been published in various journals and books inside and outside of Nepal since 1996. The articles in Part 1 deal with the major problems and issues in Nepal's school education. The articles in Part 2 focus on some of the major reforms implemented in Nepal's primary education. Finally, the articles in Part 3 look at the broader linkages between education, nationalism and social change.

The book will serve as a useful reference in providing a multi-disciplinary view of Nepal's school education system to both beginners and to those more familiar with the current status of educational research and publications related to Nepal. It also attempts to introduce readers to the variety of research traditions in education and provide some directions for future research.